# यमुनामाई गाउँपालिका रौतहटको आर्थिक बर्ष २०८२।८३ को निति तथा कार्यक्रम

CamScanner

**श्री गाउँसभाका सदस्य ज्यूहरू,**

**विभिन्न राजनीतिक दलका प्रतिनिधि, समाजसेवी, किसान तथा बुद्धजीवि ज्यूहरु,**

**विषयगत शाखाका प्रमुख एवम् प्रतिनिधिज्यूहरू,**

**गाउँपालिकाका कर्मचारीहरू, सम्पुर्ण यमुनामाईवासी**

**तथा अन्य उपस्थीत महानुभावहरु ।**

१. संघीयताको सफल कार्यन्वयन संगै दिर्घकालीन सोच र लक्ष्यका साथ यमुनामाई गाँउपालिकाको अगामी आर्थिक वर्ष २०८२।०८३ को निति तथा कार्यक्रम यस गरिमामय गाँउ सभा समंक्ष प्रस्तुत गर्न पाउँदा मलाई गौरव महशुश भएको छ ।

२. बलिदानीपुर्ण जन आन्दोलन, सशस्त्र जनयुद्ध र मधेश आन्दोलन लगायत बिभिन्न लोकत्रान्त्रिक आन्दोलनहरुबाट प्राप्त संघीय लोकत्रान्त्रिक गणतन्त्र नेपालको स्थापनामा आफनो ज्यान न्यौछावर गर्नु भएका सम्पुर्ण बीर शहिदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु ।

३. बिगतका वर्षहरुमा भएका महामारी एमं आर्थिक मन्दीको कारण नेपाल लगायत बिश्वमा नै आर्थिक गतिबिधिमा ह्रास आएको सर्व बिदतैछ । जसबाट लाखौं व्यक्तिहरुले रोजगारी गुमाएका छन देशमा रोजगारीको उपलब्धता नभएर लाखौ युवाहरु बैदेशिक रोजगारीमा पलायन भएका छन । यस परिर्स्थितिमा विकासका गतिविधि भन्दा आन्तरकि रोजगारी प्रवर्द्धनलाई उच्च प्राथमिकतामा राखिएको छ ।

४. यमुनामाई गाँउपालिकाको आर्थिक बर्ष २०८२/०८३ को निति तथा कार्यक्रम नेपालको संविधान, नेपाल सरकारको आर्थिक निति, नेपाल सरकारको आवधिक योजना तथा दिर्घकालीन क्षेत्रगत नितिहरु र दिगो विकास लक्ष्य लगायत नेपालले अन्तराष्ट्रिय क्षेत्रमा गरेका प्रतिबद्धताहरु तथा चालु आर्थिक बर्षमा संघिय तथा प्रदेश सरकारले ल्याएको निति तथा कार्यक्रम र दिगो विकास लक्ष्य अन्तर्गत स्थानिय प्राथमिकताको क्षेत्रहरु तय गर्दै सो लक्ष्य हासिल गर्न अग्रसर रहनेछ ।

**आदरणिय सदस्यहरु तथा उपस्थित महानुभावहरु,**

५. बदलिंदो परिस्थिति सँगै जनताको विकासप्रतिको उच्च आकाङ्क्षालाई न्यायोचित रुपमा सम्बोधन गर्न यस यमुनामाई गाउँपालिकाको दिगो विकास र समृद्धिका लागि राष्ट्रियता, लोकतन्त्र र कानूनी शासनलाई आत्मसात गर्दै शान्ति र स्थिरताका साथै "जनताद्वारा, जनताका लागि जनताको शासन" भन्ने मूल सिद्धान्तका आधारमा यमुनामाई गाउँपालिकाको विकास र समृद्धिलाई यथार्थमा परिणत गर्नका निमित्त आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम निर्माणको क्रममा नेपालको संविधानमा भएका व्यवस्थाहरू तथा संविधानको अनुसूची–८ र ९ अनुसारका एकल अधिकार र साझा अधिकारका सूचीहरूमा भएका व्यबस्था, योजना, दिगो विकासका लक्ष्यहरू, स्थानीय सरकार

सञ्चालन ऐन, २०७४, अर्थ मन्त्रालयबाट प्राप्त मार्गदर्शन, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट समय-समयमा जारी भएका मार्गदर्शन तथा परिपत्रहरू, मन्त्रालयबाट प्राप्त गाउँपालिकाको बजेट तर्जुमा दिग्दर्शन २०७८, गाउँ कार्यपालिकाबाट गठित विभिन्न विषयगत समिति र राजश्व परामर्श समिति समेतबाट प्राप्त सुझावहरूका आधारमा सम्भव भएसम्म जनचाहनालाई समेट्ने गरी यो नीति तथा कार्यक्रम तयार गरिएको छ ।

**सदस्य महोदयहरु,**

अब म आगामी आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्दछु :

यमुनामाई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सरुभठा, सिनुहट मधेश प्रदेश, नेपाल

## *सामाजिक विकास तर्फः*

### आधारभूत स्वास्थ्य सेवाः

६. यमुनामाई गाउँपालिकाबासीहरुको स्वास्थ्य सम्वन्धि सेवाको सुनिश्चिताको लागि अगामी आ.व.२०८२/८३ मा १५ शैयाको प्राथमिक स्वास्थ्य केन्द्र (नगर अस्पताल) निर्माणका लागि आवश्यक जग्गा खरिद तथा व्यवस्थापन गरिनेछ । साथै सो स्वास्थ्य केन्द्र सञ्चालनको लागि दक्षजनशक्ति, आवश्यक उपकरण लगायतको व्यवस्थापन गरि तत्काल ५ शैया सम्मको स्वास्थ्य केन्द्र सञ्चालनको अविलम्ब व्यवस्था गरिनेछ ।

७. नेपाल सरकारको नीतिअनुसार गाउँपालिकाभित्रका स्वास्थ्य संस्थाहरूको भौतिक संरचनाहरुको सुधार गरी स्वास्थ्य सुविधालाई अपांगमैत्री तथा किशोरकिशोरी मैत्री र सहज पहुँचयोग्य बनाईने छ साथै संचालनमा रहेका प्रयोगशालाहरुलाई थप व्यवस्थित गर्दै लगिनेछ ।

८. गाउँपालिका क्षेत्रमा स्थायी रूपले बसोबास गर्ने सबै जातजाति, विपन्न वर्गका समुदायलाई लक्षित गरी सुरक्षित मातृत्व कार्यक्रमलाई प्रभावकारी बनाउन स्थानीय स्वास्थ्य संस्थामा कम्तिमा ८ पटक गर्भ जाँच गराई तथा सुरक्षित मातृत्व कार्यक्रम सञ्चालन भएको स्वास्थ्य संस्थामा सुत्केरी गराएको र ३५ दिन भित्रमा सम्बन्धीत वडा कार्यालयमा वच्चाको जन्मदर्ता गराउने आमालाई प्रोत्सहान स्वरुप रु. एकहजार मात्र गाउँपालिकाको स्वास्थ्य शाखा मार्फत उपलब्ध गराईने नीतिलाई निरन्तरता दिइनेछ ।

९. स्वास्थ्य तथा व्यक्तिगत सरसफाई कार्यक्रम अन्तर्गत विद्यालयमा अध्ययनरत रजस्वला सुरु भईसकेका वालिकाहरुको निःशुल्क सुरक्षित प्याड वितरण कार्यलाई निरन्तरता दिइनुका साथै प्रत्येक सामुदायिक विद्यालयहरुमा प्याड ए टी एम मेशनि जडान गरिनेछ ।

१०. आपतकालीन उद्धार तथा विरामी वोक्नको लागि आवश्यक उपकरण र दक्ष जनशक्ति सहितको एम्बुलेन्सको अविलम्ब व्यवस्था गरि सञ्चालनमा ल्याईनेछ ।



CamScanner

११. प्राकृतिक आर्युवेद चिकित्सा पद्धति र युनानी चिकित्सा पद्धतीलाई एकिकृत रुपमा सञ्चालन गर्ने नीति लिइनेछ ।

१२. यमुनामाई गाउँपालिकालाई पोषणमैत्री स्थानीय तह घोषणाको लागि पोषणमैत्री स्थानीय तह कार्यन्वयन निर्देशिका, २०८० अनुसारको आवश्यक सूचकहरुलाई प्राथमिकतामा राख्दै आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१३. यमुनामाई गाउँपालिका अर्न्तगतको स्वास्थ्य चौकीहरुमा अपुग औषधीहरु तथा उपकरणको व्यवस्थापन गरिनेछ ।

१४. यमुनामाई गाउँपालिका अर्न्तगतका महिला स्वास्थ्य स्वंमसेविकाहरुको परिणाममुखि सेवा प्रवाहको लागि आवश्यक सेवा सुविधामा वृद्धि गरिनेछ ।

## . शिक्षा :

१५. सामुदायिक विद्यालयको स्तर वृद्धि गरी विद्यालयमा शत्प्रतिशत विद्यार्थी भर्ना कार्यक्रम सञ्चालनमा ल्याइनेछ । त्यसैगरी विद्यालयहरूमा स्थानीय पाठ्यक्रम निर्माणका लागि आवश्यक छलफल चलाइने छ । साथै जातीय वाहुल्यताको आधारमा सामुदायीक विद्यालयहरुमा मात्री भाषा शिक्षाको पठन पाठन सम्बन्धी व्यवस्था मिलाइनेछ ।

१६. सामुदायिक विद्यालयहरुलाई आवश्यक डेस्क, वेन्च तथा शिक्षण समाग्रीहरुको आवश्यक व्यवस्थापन गरि विधार्थीहरुको अव्यवस्थित वसाईको प्ररम्परालाई अन्त्य गरिनेछ ।

१७. प्राविधिक शिक्षालाई जोड दिई दक्ष जनशक्ति उत्पादन गर्न शैक्षिक संस्थाहरूसँग समन्वय गरी अगाडि बढाइने छ । साथै संचालित प्राविधिक शिक्षलयमा आवश्यकता अनुसारको औजार उपकरणहरु तथा प्रयोगशालाको व्यवस्थापन गरिने छ ।

१८. आगामी दिनहरूमा गाउँपालिका क्षेत्रमा रहेका सबै विद्यालयका विद्यार्थीहरू तथा अभिभावक समेतलाई सरसफाई कार्यमा एकजुट गराई गाउँलाई सफा बनाउन विद्यालय मार्फत् विद्यार्थी, विद्यार्थी मार्फत् अभिभावक भन्ने मूल नाराका साथ गाउँपालिकावासीलाई पुर्ण सरसफाईको अभियानमा क्रियाशील गराइने नीति लिइने छ ।

१९. सामुदायिक विद्यालयहरुमा समयानुकूल सूचना प्रविधिको माध्यमबाट शिक्षा प्रदान गर्नका लागि आगामी आ.व. २०८२/०८३ बाट क्रमशः सञ्चालन गरिने छ । सबै सामुदायिक विद्यालयमा समयको मागअनुसार अंग्रेजी माध्यमको शिक्षालाई वालकक्षा देखि माद्ययमिक कक्षा सम्म सञ्चालन गरिनेछ ।



CamScanner

२०. सबै सामुदायिक विद्यालयबाट चौमासिक प्रगति समीक्षा कार्यक्रम सञ्चालन गर्ने नीति लिइने छ । गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरु बीच अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्ने नीति लिइनेछ ।

२१. सामुदायिक विद्यालयहरुमा विद्यार्थी संख्याका आधारमा शिक्षक दरवन्दी मिलान गर्ने गराउने कार्यमा जोड दिई विद्यालयमा आवश्यक्ता र औचित्यका आधारमा अपुग विषयगत शिक्षक दरवन्दी थप गरी सोको लागी आवश्यक व्यवस्थापन गरिनेछ ।

२२. सम्बन्धित निकायसँग समन्वय गरि निजी विद्यालय र सामुदायिक विद्यालयको पाठ्यक्रममा एकरुपता कायम गर्न पहल गरिनेछ । विद्यालयको भौतिक पूर्वाधार निर्माण गर्दा अपांगमैत्री र वालमैत्री बनाउन अनिवार्य गराइनेछ । हरेक विद्यालयहरुमा स्वच्छ पिउने पानीको व्यवस्था मिलाइनेछ ।

२३. सामुदायिक विद्यालयहरुमा सञ्चालित दिवा खाजा कार्यक्रमलाई थप गुणस्तरयुक्त बनाउन निरन्तर अनुगमन तथा सुपरिवेक्षण गरिनेछ ।

२४. यमुनामाई गाउँपालिका अर्न्तगतको सामुदायिक विद्यालयहरुबाट **SEE** मा उत्कृष्ट अंक ल्याइ उतीर्ण गरेको ५/५ जना छात्र र छात्राहरु उच्च शिक्षामा निरन्तरताको लागि **गाउँपालिका अध्यक्ष छात्रवृत्ति कार्यक्रम** संचालनमा ल्याइ छात्रवृत्ति प्रदान गरिनेछ ।

## रोजगारी प्रवर्द्धन तर्फ :

२५. संविधानले प्रत्याभूत गरेका अधिकारहरुको अधिकतम उपयोग गर्दै एक घर एक रोजगारको नीति अवलम्वन गरिनेछ । यमुनामाई गाउँपालिका अर्न्तगतका बेरोजगार युवाहरुका लागि गा.पा.अध्यक्ष रोजगार कार्यक्रम संचालन गरिनेछ ।

२६. वेरोजगार, विपन्न र कृषि लगायतका क्षेत्रमा काम गर्ने मजदुरहरुको अवस्था र आवश्यक्तालाई मध्यनजर गर्दै प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगारीको अवसर प्रदान गरिनेछ । साथै अत्यधिक श्रमिक खर्च हुने आयोजनाहरु मर्मत सम्भार, कृषि सडक मर्मत, नाला सफाई, सडक मर्मत, कुलो सफाई तथा मर्मत लगायतको आयोजनाहरु प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालन गरिनेछ । यस कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन तथा उत्पादनशील बनाउनको लागि लागत साझेदारीको समेत व्यवस्था गरिनेछ ।

२७. रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगारहरु लाई रोजगारीको अवसर प्रदान गर्नका लागि गाँउपालिकाबाट निर्माण सामाग्री तथा औजार उपकरणहरुको व्यवस्था गरी प्रभावकारी रुपमा संचालन गरिनेछ । रोजगार सेवा केन्द्रलाई थप सुदृढिकरण गरी रोजगार सुचना केन्द्रको रुपमा स्थापना गरिनेछ ।

२८. बैदेशिक रोजगारीबाट फर्किएका तथा विदेश पलायन हुने यूवाहरुका लागि स्थानिय स्तरमा नै रोजगारीको अवसर उपलब्ध गराउन युवा तथा महिला लक्षित छोटो तथा लामो अवधिको शिप विकास तालिम कार्यक्रमहरु संचालन गरिनेछ र युवा लक्षित शिप विकास तालिम तथा व्यवसायिक तालिमहरुलाई निरन्तरता दिइनेछ ।

**सामाजिक सुरक्षाः**

२९. लक्षित समूह कार्यक्रमअन्तर्गत महिला विरुद्धको लैङ्गिक तथा घरेलु हिंसा, महिला अधिकार, बाल अधिकार, जेष्ठ नागरिक सम्मान कार्यक्रमसञ्चालन गरिनेछ ।

३०. बाल अधिकारको सुनिश्चित्ताको लागि बालमैत्री स्थानिय तह घोषणा कार्यक्रम कार्यन्वयन गरिनेछ ।

३१. महिलाहरुको नेतृत्व विकास तथा आर्थिक समृद्धिका लागि विभिन्न किसिमका तालिमहरु सञ्चालन तथा बजार माग अनुसारको सीप विकास तालिम सञ्चालन गरिनेछ ।

***पूर्वाधार विकास तर्फः***

३२. बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धि आधारभूत मापदण्ड २०७२ मा व्यवस्था भए बमोजिम घरमा सेफ्टी ट्याङ्की निर्माण र जडान भएका तथा तोकिएको सडक क्षेत्राधिकारको जग्गा पुग्ने गरि सडकको चौडाई भएपश्चात मात्र घरलाई निर्माण सम्पन्न प्रमाण पत्र दिने व्यवस्थालाई कडाइका साथ लागू गरिनेछ ।

३३. गाउँपालिका क्षेत्रमा नयाँ निर्माण हुने भवनहरूको हकमा नेपाल सरकारबाट स्वीकृत बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभुत मापदण्ड, २०७२ अनुसार हुने गरी घर नक्शा पास सुचारु गर्ने तथा उक्त मापदण्ड लागू हुनुभन्दा अघि निर्माण सम्पन्न भएका भवनहरूको हकमा अभिलेख प्रयोजनका निमित्त नेपाल सरकार तथा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी परिपत्रअनुसार हुने गरी तोकिएको दस्तुर लिई घर नक्शा पास गरिने नीति लिइनेछ ।

३४.गाउँपालिका क्षेत्रभित्र रहेका सडकहरूलाई क्रमागत रुपमा सडक ढलान, नाला निर्माण तथा कालोपत्रे गर्ने कार्यलाई विशेष प्राथमिकतामा राखी निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

३५.सडकहरूको मर्मत सुधार तथा स्तरोन्नति कार्य गर्न मर्मत सम्भार कोषको स्थापनाका लागि आवश्यक रकम विनियोजन गरिनेछ । यसका लागि गाउँस्तरीय वार्षिक सडक मर्मत योजना संचालन गरिनेछ ।

३६. गाउँपालिका भित्रका सडकहरूको सडक मापदण्ड बमोजिम सिमाङ्कन गरी सङ्केत चिन्हहरू राख्ने कार्यको थालनी गरिनेछ । साथै गाउँपालिका भित्रका नक्सा भएका सडक, ऐलानी, पर्ती र सार्वजनिक उपभोगाका जग्गाहरु नक्साङ्कन गरी अवैध कब्जा गरेको जग्गा खालि गराइनेछ ।

३७. गरिब, दलित एंम विपन्न परिवारको पहिचान गरी सुरक्षित आवासका लागि जनता आवास कार्यक्रम संचालन गरिएको छ । यस कार्यक्रलाई अगामी आर्थिक बर्षमा प्रत्येक वडामा सञ्चालन गरिनेछ ।

३८. यस गाउँपालिकामा गाउँपालकिा कार्यालयको प्रशासनिक भवनका लागि जग्गा खरिद तथा प्रशासनिक भवन निर्माण कार्य अगाडी बढाइनेछ ।

## *आर्थिक विकास तर्फ*

**कृषि तथा पशु विकास तर्फ :**

३९. कृषकहरुको उत्पादन बृद्धिमा सहुलियत तथा सिचाईमा कृषकहरुको पहुचका लागि कृषि मिटरको सतप्रतिशत बील गाउँपालिकाबाट भुक्तान गर्ने व्यवस्था मिलाइने छ ।

४०. कृषि तथा सिंचाई क्षेत्रको समग्र विकासका लागि कृषि सहकारी संजाल निर्माण, अर्ग्यानिक कृषि उत्पादन, बिउ बिजन, किट वितरण तथा सतह र भूमिगत सिचाईको प्रवर्द्धन गर्नका लागि कृषि तथा सिचाई कार्यालय लगायतअन्य सरोकारवाला निकायहरूसँग समन्वय गरी कृषक समूहहरूलाई प्रोत्साहित गरिने छ ।

४१. कृषिमा उन्नती यमुनामाई गाउँपालिकावासीको समुन्नती भन्ने नारामा आधारित रहि यमुनामाई गाउँपालिका ले कृषि क्षेत्रलाई व्यावसायिक, आत्मनिर्भर तथा प्रमुख आय स्रोतको रुपमा विकास गर्ने गरी मुख्य प्राथमिकतामा राख्ने नीति लिइनेछ ।

४२. यमुनामाई गाउँपालिकाको गरिब तथा बिपन्न कृषकहरुलाई प्राथमिकतामा राखी आवश्यकता अनुसारको कृषि औजार तथा बीउ विजनहरु उपलब्ध गराउदै आएकको नितिलाई निरन्तरता दिइनेछ । साथै थप कृषि बालीहरुको लगत संकलन तथा किशानहरुको पहिचान गरी सम्पुर्ण कृषहकरुलाई ब्यवस्थित रुपमा कृषि औजार तथा बीउ विजनहरु वितरण गरिनेछ ।

४३. पशु बीमा र कृषि बीमालाई प्रभावकारी रुपमा सञ्चालन गर्न सहजीकरण गरिनेछ ।

४४. कृषक बर्गको मलखाद्य तथा बीउँबीजनमा सहज पहुँच कायम गर्न अनुदान, आंशिक अनुदान तथा सहुलित दरमा मलखाद्य तथा बीउँबीज तथा आधुनिक औजार उपकरण उपलब्धताको व्यवस्था मिलाइने छ ।

४५. गाउँपालिकामा उत्पादित दुग्ध पदार्थ, खाद्य पदार्थ, तरकारी फलफूल लगायत नगदे वाली उत्पादनहरुको बजारमा निकासी गर्न पहुँच वृद्धि गर्दै आन्तरिक बजार विस्तारका लागि जोड दिइनेछ । साथै उत्पादित कृषिजन्य वस्तुहरुलाई भण्डारण तथा बिक्रि बितरणका लागि कृषि उपज संकलन केन्द्रलाई व्यवस्थित गरिनेछ ।

४६. पशुपंछी पालन तथा कृषिलाई व्यवसायीकरण गर्न चाहने युवा किसानहरुलाई ज्ञान, सीप, प्रविधि र सहयोग प्रदान गरिनेछ तथा कृषि र पशु पकेट बिकास कार्यक्रमलाई प्रोत्साहित गरिनेछ ।

४७. धान उत्पादन र दुग्ध पदार्थ उत्पादनमा किसानलाई प्रोत्साहन गरिनेछ । कृषि सहकारीहरुलाई उल्लेखित कार्यहरु गर्न गराउनका लागि प्रोत्साहन गरिनेछ ।

४८. विदेश पलायन भएका युवालाई कृषिमा आकर्षित गरी रोजगारीको अवसर सिर्जना गर्दै स्वरोजगार तथा आत्मनिर्भर बनाउँन कृषिमा यान्त्रीकीकरण कार्यक्रमलाई प्रवर्द्धन गरिनेछ ।

४९. "आफ्नो लागि आफैं उत्पादन गरौं, तरकारीमा आत्मनिर्भर बनौं" र "एक घर एक करेशाबारी" भन्ने नाराका साथ तरकारीमा आत्मनिर्भर हुन आवश्यक नीति तय गरिनेछ ।

५०. यमुनामाई गाउँपालिकावासीहरूलाई स्वच्छ माछा मासु उपभोग गर्ने वातावरणको सुनिश्चितता प्रदान गर्नका लागि पशु बधशाला र मासु जाँच गर्ने ऐन, २०५५ को कार्यान्वयन गर्न आवश्यक पहल गर्ने नीति लिइएको छ । साथै मासु व्यवसायीहरूले गाउँपालिकाले तोकेको स्थानमा मात्रै मासुको कारोवार गर्नको लागि प्रोत्साहन गरिने छ ।

५१. यमुनामाई गा.पा.भित्रका कृषियोग्य भूमिमा सिचाई व्यवस्थापनका लागि कृषि कुलो नक्शांकन, निर्माण तथा मर्मत सम्भारको आवश्यक व्यवस्थापन गरिनेछ । साथै गाउँपालिकामा कृषि उपजको वृद्धिका लागि कृषि विद्युतिकरणलाई प्राथमिकता दिइनेछ ।

**सबल राजश्व प्रशासन**

५२. गाउँपालिकाको कर प्रशासनलाई करदातामैत्री बनाउन सोसँग सम्वन्धित क्षेत्रसँग आवश्यक समन्वय गरी करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिने छ ।

५३. यसै आ.व.२०८२/८३ देखि घरबहाल कर संकलन कार्यलाई कडाईका साथ अघि बढाइने छ । घरबहाल कर प्रयोजनका लागि क्षेत्रानिर्धारण गरेर न्यूनतम मासिक दर कायम राखेर राजश्व सङ्कलन गरिने छ । व्यवसाय कर संकलनका लागि व्यवसाय, अस्पताल, निजि विद्यालय लगायतको लगत संकलन तथा व्यवासाय दर्ता अभियान सञ्चालन गरिने छ साथै सञ्चालनमा रहेको व्यवसाय, अस्पताल, निजि विद्यालय लगायतको करको दायरामा लयाइनेछ ।



CamScanner

५४. गाउँपालिकालाई आर्थिक विकासमा सक्षम बनाउनका लागि सहकारी, निजी क्षेत्र तथा सरकारी क्षेत्रबीचमा आवश्यक समन्वय गरी अगाडी बढाइने छ ।

## पर्यटन विकास तथा सांस्कृति प्रवर्द्धनः

५५. गाउँमा रहेका धार्मिक, सांस्कृतिक तथा पर्यटकीय महत्वका स्थानहरू र साहित्य कला संस्कृतिको संरक्षण तथा सम्बर्द्धन गरिनेछ । मठ-मन्दिर तथा धार्मिक क्षेत्रहरुको संरक्षण सम्वर्द्धन गर्दै ऐतिहासिक तथा धार्मिक स्थलहरुको विकासका लागि प्रचार प्रसारलाई प्राथमिकता दिई अगाडि वढाउने नीति लिइनेछ ।

५६. यस गाउँपालिकाको छिमेकी गाउँपालिका तथा नगरपालिकामा रहेका पर्यटकीय स्थल/धार्मिक स्थलसम्म आवत जावतको लागि सहज सडक सञ्जाल निर्माणका लागि निरन्तरता दिनेछ ।

## *विपद व्यबस्थापन तथा बातावरण संरक्षण तर्फः*

५७.आगलागिबाट हुने क्षतिबाट प्रारम्भिक रूपमै नियन्त्रण गर्न गाउँपालिका कार्यालय, वडा कार्यालयहरूमा फायर एक्स्टीङगुइसर (FIRE EXTINGUISHER) जडान गरिनेछ । गाउँपालिका क्षेत्रमा रहेका पसल तथा उद्योगहरुमा फायर एक्स्टीङगुइसर (FIRE EXTINGUISHER) राख्न उद्योग वाणिज्य संघ रौतहटसँग सहकार्य गरिने छ साथै दमकलको व्यवस्थापनका लागि पहल गरिनेछ ।

५८. गाँउपालिकालाई धुलो मुक्त सडक निर्माणको लागि गाँउपालिका क्षेत्र भित्रका मुख्य तथा सहायक सडकहरुलाई कालोपत्रे तथा ढलानकार्यलाई निरन्तरता दिदै धुलो मुक्त गाँउपालिका बनाउने अभियानलाई निरन्तरता दिइनेछ । साथै धुवामुक्त गाँउपालिका बनाउने अभियानलाई निरन्तरता दिदै लक्षित बर्गलाई ग्यास सिलेण्डर तथा चुल्हा बितरणका साथै बैकलपिक उर्जा प्रवर्द्धनको सहकार्यमा विधुतीय चुलो, गोवर ग्यास तथा सोलारहरुको आवश्यक व्यवस्थापन गरिनेछ ।

५९. विपद् व्यबस्थापनलाई प्रभावकारी बनाउन स्थानिय विपद् तथा जलवायु उत्थानशील समिति मार्फत गाउँपालिका स्तरीय विपद् पुर्व तयारी तथा प्रतिकार्य योजनाको अध्यावधिक गरिनेछ ।

६०. बाढी प्रभावित क्षेत्रका जनताहरुको तत्काल उद्धार गर्नका लागि लाइफ ज्याकेट, डोरी, डुँगा आदि खरिद गरी सुरक्षा निकाय तथा जिल्ला विपद् व्यवस्थापन समितिसँग समन्वय गरी तयारी अवस्थामा रहने तथा स्थानीयस्तरमा नै खोज तथा उद्धार कार्य दल, प्राथमिक उपचार कार्य दल, सुचना तथा संचार कार्यदल, तथा राहत व्यवस्थापन कार्यदल गठन गरिनेछ ।



CamScanner

६१. गाउँपालिकामा बिपद् प्रतिकार्यका लागि स्थापना गरिएको विपद् व्यवस्थापन कोषलाई सामाजिक सहयोगको रुपमा पनि प्रयोग गरिनेछ। स्थानिय आपतकालिन सञ्चालन केन्द्रको स्थापना गरीविपद्र पुर्व सुचना प्रणली तथा प्रतिकार्य कार्यलाई व्यवस्थित गरिने छ।

६२. यमुनामाई गाउँपालिका क्षेत्रको फोहर तथा दिसाजन्य लेदो व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन आवश्यक सरसफाई कर्मीको व्यवस्थापन गरि ट्र्याक्टर, ट्रेलर, सेफटी टंकी समेत खरिद गरिनेछ।

६३. गाउँपालिका क्षेत्रभित्रका स्वच्छ वातावरण तथा सौन्दर्यिकरणका लागि मुख्य सडकहरुको दुवै किनारमा बृक्षा रोपण गर्ने कार्यको शुरुआत गरिनेछ। वृक्षरोपण गरिएका रुखबिरुवाहरुको संरक्षण तथा व्यवस्थापनका लागि हेरालुको व्यवस्था मिलाइने छ।

६४. गाउँ क्षेत्रमा रहेका पोखरी, जलाशय तथा खानेपानी मुहानहरूको संरक्षण र सम्वर्द्धन गर्दै सदुपयोग गरिने छ। भुकम्प प्रतिरोधी भवन निर्माणमा संलग्न दक्ष/अदक्ष निर्माणकर्मीलाई तालिम सञ्चालन गर्न नेपाल भूकम्प प्रविधि समाज लगायतका संघसंस्थाहरुसँग आवश्यक समन्वय गरिने छ।

***<u>संस्थागत विकास तथा सुशासन तर्फ:</u>***

६५. यमुनामाई गाउँपालिका लगायत सम्पुर्ण वडा कार्यालयहरुमा राजश्व व्यवस्थापन सूचना प्रणाली र जिन्सी श्रेस्ता प्रणाली सञ्चालनमा ल्याईनेछ। वडा कार्यालयहरुबाट सञ्चालन हुने व्यक्तिगत घटना दर्ता प्रणालीलाई अनलाईनमा सञ्चालन गर्न दक्ष जनशक्तिको व्यवस्थापन गरिनेछ।

६६. यसगाउँपालिकालाई सुशासनमैत्री गाउँको रूपमा स्थापित गर्नका लागि भ्रष्टाचारमा शुन्य सहनशिलताको नीतिलाई अवलम्बन गर्ने नीति लिइएको छ। साथै सवै वडा कार्यालयहरुमा नागरिक बडापत्र, कर, दरबन्दी लगायतका विवरणहरूलाई Digital प्रविधीमार्फत् वडावासी तथा गाउँवासीलाई सूसुचित गराइने नीति लिइएको छ।

६७. गाउँपालिका क्षेत्रभित्र सञ्चालन गरिने विभिन्न कार्यक्रमहरु सरकारी तथा गैरसरकारी संस्थाहरुसँग सहकार्य तथा समन्वय गरी सञ्चालन गरिने नीतिलाई प्राथमिकतामा राखिएको छ।

६८. गाउँपालिकाका सबै वडामा सुझाव पेट्रिका, नागरिक बडापत्र, सूचना अधिकारी तथा गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिने छ। गाउँपालिका कार्यालयमा सेवा लिन आउने सेवाग्राहीलाई सहज रुपमा सेवा लिनका लागि कार्यालयमा सहायता कक्ष स्थापना गरिने छ।

६९. न्यायिक समिति अन्तर्गत वडाहरुमा मेलमिलाप केद्रहरु गठन गरि मेलमिलापकर्ताहरुका लागि तालिमको व्यवस्था गरी नियम अनुसार छिटो छरितो ढंगले सेवा प्रदान गरिने नीति लिइने छ।



CamScanner

७०. जनताको हितलाई ध्यानमा राखी कानून सम्मत, छिटो छरितो, जनमूखी, सेवामूखी र भ्रष्टचार मुक्त ( पारदर्शीता, जवाफदेहिता, सहभागीता र दुरदर्शिता ) समेतको सिद्धान्तका आधारमा सुशासन कायम गर्ने निति लिइनेछ ।

७१. जनताको हितलाई ध्यानमा राखी गाउँपालिका तथा वडा कार्यालयहरुबाट सम्पादन हुने सबै कार्यहरु अन लाइन (E Governance) को माध्यमबाट सञ्चालन गर्ने नीति लिइनेछ ।

७२. आवश्यक्ता अनुसार गाउँपालिकामा कार्यरत सम्पुर्ण कर्मचारीहरुलाई उपयुक्त तालिमहरुको व्यवस्था गरि दक्ष बनाउने नीति हुनेछ ।

७३. गाउँपालिकाको न्यायिक समितिको व्यवस्थापन र परिचालन तथा न्याय निरुपणको कार्यलाई थप व्यवस्थीत र प्रभावकारी बनाइनेछ ।

अन्त्यमा, विगतमा गाउँसभाले अख्तियार गरेका नीतिहरूलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्दै लगिने नीति लिइएको छ । यमुनामाई गाउँपालिकाको दशौ गाउँसभा सम्पन्न गर्न सहयोग पुर्‍याउनु हुने सम्पूर्ण गाउँसभाका सदस्य ज्यूहरू, कर्मचारी साथीहरु, विभिन्न सङ्घ संस्थाका प्रतिनिधिहरू तथा सम्पूर्ण गाउँवासी, दाजुभाई तथा दिदिबहिनिहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै आगामी दिनहरूमा पनि यहाँहरूको सक्रिय सहभागिता, सकारात्मक सहयोग हुने विश्वास व्यक्त गर्दछु ।



CamScanner